**मिति २०७९ फागुन २६ गते शुक्रबार (वि.सं.२०७९।११।२६) तुलसीपुर उपमहानगरपालिकाको ९औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका १२औं नगरसभाको बैठकबाट नगरकार्यपालिकालाई निर्देशन गरिएका निर्णयहरु अबिलम्ब कार्यान्वयन प्रकृयामा अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको पसलघरमा भाडामा सञ्चालित संकेत खाजाघरको उत्तर तर्फको भाग तुलसीपुर उपमहानगरपालिकाले निर्माण गर्न लागेको ब्यपारीक कम्प्लेस भवन निर्माणका क्रममा भत्काउदा संकेत खाजाघरमा क्षेति पुगेकोले २(दुई) महिनाको मासिक भाडा मिनाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ को सहसानु बहुउद्देश्यीय पशु फर्मका प्रो. भक्त बहादुर डागीले यस उपमहानगरपालिकाको गाउनगर साझेदारी बिकास कोषबाट ऋण माग गर्नु भएको तर के कति कुन कार्यका लागि भन्ने विवरण स्पस्ट नभएकाले सम्बन्धीत शाखाबाट विवरण माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

यस तुलसीपुर उपहानगरपालिकाका विभिन्न वडाहरुबाट पूर्बाधार निर्माणका लागि योजनाहरुको माग भई सिफारिस समेत भएको अवस्था तथा यस उपमहानगरपालिकाको बिद्येमान आर्थिक अवस्था समेतलाई बिश्लेषण गरी थप दायीत्व श्रृजना नगरी पूर्बाधारका योजनाहरुको अध्ययन गर्न पूर्बाधार बिकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न ५**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न वडाहरुबाट सिफारिस भएका तथा केन्द्र कार्यालयमा आर्थिक सहयोगका माग भएका तपसिलका ब्यक्ति तथा संघ संस्थालाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

१.लक्ष्मण चौधरी वडा नं. १५ रु. १०००००।( एकलाख मात्र)
२.तिलक चौधरी वडा नं. ११ रु.५००००।(पचास हजार मात्र)
३.तिलकराम हमाल जैसी वडा नं. १ रु ५००००।(पचास हजार मात्र)
४.बसन्त थापा वडा नं. १७ रु ५००००।(पचास हजार मात्र)
५.तारा वली वडा नं. ३ रु ५००००।
६. स्थानीय तह कर्मचारी युनियन अधिवेश रु ४००००।(चालिस हजार मात्र)
७.संजय बि.क. रु २००००।(बिस हजार मात्र)



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७९ फागुन २६ गते शुक्रबार (वि.सं.२०७९।११।२६) तुलसीपुर उपमहानगरपालिकाको ९औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

८. नारायण चौधरी वडा नं. १४ रु ५००००।(पचास हजार मात्र)
९. जातीय बिभेद बिरुद्धको दिवश(२१ मार्च) कार्यक्रम खर्च रु ५००००।(पचास हजार मात्र)
१०. तेज बहादुर भण्डारी वडा नं. ११ रु ५००००।(पचास हजार मात्र)
११. सोन कुमारी चौधरी वडा नं. ११ किरिया खर्च रु २५०००।

**निर्णय नं. ६**

राष्ट्रिय शक्ति निर्माण समुहबाट पृथ्वीनारायण शाहको शालिक तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को बाहिनी चोकमा निर्माण गर्न सम्बन्धीत टोलबिकास संस्थाहरुको सहमति सहित स्थान माग गरेकोले उपयुक्त स्थानमा शालिक स्थापनाको सहमति प्रदान गर्न नगरप्रमुख ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ र ३ लाई जोडने भमकेखोलाको ठाटीगाउमा निर्माणाधिन पक्कि पुलको सम्झौता BOQ मा सुपरस्टक्चरको बिम स्ल्याबमा छडको परिमाण कम भएको, पुल संरक्षणको लागि ग्यावियनको काम लगायत अन्य कामहरु समेत थपघट हुने देखिएकोले भरिएसन अर्डर (VOR-1) ३८,४६,९४९।८० अक्षेरुपी अरतिस लाख छयालिस हजार नौ सय उनान्चास रुपैया असी पैसा स्वीकृत गरि निर्माण कार्य अगाडि बढाउन आदेश दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

मिति २०७८ साल बैशाखमा तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ स्याउली बजारमा भारतीय नम्बर प्लेटको कारमा ३ जना बच्चाहरु मृत अवस्थामा फेला परेको र सो सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका र पिडित पक्ष बीच मिति २०७८।१।११ गते भएको संम्झौता बमोजिम मृतकका परिवारहरु दलित समुदायका ज्यादै बिपन्न भएकोले पिडित परिवारबाट क्रमश : १ जनालाई तुलसीपुर उपमहानगरपालिकाले रोजगारी उपलब्ध गराउने निर्णय भए बमोजिम हाल प्रथम चरणमा तुलसीपुर उपमहानगरपालिकाको सरसफाई ब्यवस्थापनमा सरसफाई कामदारको आवश्यक रहेकोले तुलसीपुर ६ बस्ने सुनिता परियारलाई वातावरण तथा सरसफाई शाखा अन्तरगत दैनिक ज्यालादारीमा सरसफाईमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका कार्यबिधि,निति र निर्देशिका पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

१. तुलसीपुर उपमहानगरपालिका कर्मचारी कल्याणकोष ब्यवस्थापन निर्देशिका,२०७९
२.तुलसीपुर उपमहानगरपालिका तथ्याङ्क ब्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७९
३. तुलसीपुर उपमहानगरपालिका तथ्याङ्क ब्यवस्थापन सम्बन्धी नीति ,२०७९

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७९ फागुन २६ गते शुक्रबार (वि.सं.२०७९।११।२६) तुलसीपुर उपमहानगरपालिकाको ९औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १०**

आ.ब. २०७९/०८० का लागि रोजगार सेवा केन्द्रमा सूचिकृत भई रोजगार व्यवस्थापन सूचना प्रर्णालीमा माथिल्लो प्राथमिकतामा रहेका ८१ जना बेरोजगारहरुलाई सम्बन्धीत वडामा न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने साथै ८१ जनाको प्राथमिकताको सूचिमा परेका व्यक्तिहरु रोजगारीका लागि नआएमा ती व्यक्तिहरुको बिकल्पमा भौगोलिक बिकटता पनि भएको र बिपन्न बस्ती भएको हुनाले वडा नं. १३ को वडागत प्राथमिकताक्रमको सूचिबाट बांकी सुचिकृत व्यक्तिहरुलाई काममा लागउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका शिक्षा समितिको मिति २०७९।११।२५ गते बसेको बैठकको १२ बुदे निर्णयहरु अनुमोदन गर्दै आवश्यक कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९को ईन्द्र कुमारी थापाको घरनक्सापास रोकीएकोले निजबाट अशुल गरिएको रु २७१३६। (सत्ताईस हजार एक सय छत्तिस)फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७९।९।२६ गते बसेको छैठौ बैठकको नि.नं. ९ को २ मा वडा नं. १४ नगर स्वास्थ्य केन्द्र ड्वाङपुरमा अ.न.मि. पदमा कार्यरत अरिता खडकाको पारिश्रमिक दैनिक रु. ६३३। निर्धारण गरिएकोमा सो पारीश्रमिक निजको पद तथा कार्यबोझका आधारमा ज्यादै न्युन भएको भनि १४ नं. वडाको मिति २०७९।१०।१५ गतेको टिपपणी बमोजिम दैनिक रु.८५०। कायम गरी मिति २०७९ श्रावण देखि हाल सम्मको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ का वडा अध्यक्ष श्री लक्ष्मण चौधरी र वडा नं. १२ का वडा सदस्य चौधरी बिरामी भई उपचारको क्रममा रहेकोले उहाहरुको स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री बीरेन्द्र कुमार शाहका पुजनीय पिता पृथ्वीबहादुर शाह र यस कार्यालयमा कार्यालय सहयोगीका रुपमा कार्यरत जिताराम चौधरीको निधन प्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिका ...
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३